**म.प.बै.सं. १७।०८२**

**संवत् २०८२ साल साउन ४ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८२ साउन १३ देखी १५ गतेसम्म भुटानको राजधानी थिम्पुमा आयोजना हुने Promoting Agroecological Approaches for Sustainable Transformation of Agri-food Systems in South Asia कार्यक्रममा सहभागी हुन राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री गंगादत्त अवस्थीलाई स्वीकृति प्रदान गर्ने।

२. अर्थ मन्त्रालयः चीन सरकारबाट बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो प्रत्यारोपण चिकित्सा केन्द्र परियोजना कार्यान्वयन गर्ने सम्बन्धी Letter of Exchange स्वीकृत गर्ने।

३. अर्थ मन्त्रालयः विश्व बैंकबाट विकास प्रभावकारिताका लागि सार्वजनिक वित्त व्यवस्थापन परियोजनाको लागि प्रस्ताव गरिएको दश मिलियन अमेरिकी डलर अनुदान सहायता प्राप्त गर्ने सम्बन्धमा नेपाल सरकारको तर्फबाट विश्व बैंकसँग वार्ता गर्न वार्ता टोली गठन गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी आदेश, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः मुलुकी देवानी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेस गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेस गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः मुलुकी देवानी संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेस गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्समक्ष पेस गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

९. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः २०८२ साउन ८ देखि १० गतेसम्म चीनको Shandong प्रान्तमा आयोजना हुने 2025 International Conference on Reducing Food Loss and Waste मा सहभागी हुन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्मालाई स्वीकृति प्रदान गर्ने।

१०. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः २०८२ साउन १२ देखि १३ गतेसम्म इथियोपियाको Addis Ababa मा आयोजना हुने Second United National Food System Summit Stocktake (UNFSS+4) मा कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय रामनाथ अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

११. गृह मन्त्रालयः २०८२ साउन ६ गते भारतको नयाँ दिल्लीमा आयोजना हुने नेपाल-भारत गृह सचिवस्तरीय बैठकमा नेपालको तर्फबाट सहभागी हुन गृह सचिव श्री गोकर्णमणि दुवाडीको नेतृत्वको नेपाली प्रतिनिधिमण्डल गठन गर्ने र उक्त वैठकमा छलफल हुने विषयको कार्यसूची स्वीकृत गर्ने।

१२. रक्षा मन्त्रालयः भारतीय सेनाले आयोजना गर्ने 134th Edition of Durand Cup Football Tournament 2025 को मिति २०८२ साउन ७ गते हुने Opening Ceremony र ८ गते Jamshedpur मा सम्पन्न हुने नेपाली सेनाको फुटबल टिमको Opening Match मा सहभागी हुन उपरथी श्री ध्रुव प्रकाश शाहलाई स्वीकृति दिने।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

१३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी दिनेश रजौरेलाई अवकाशपूर्व उपरथी दर्जामा मानार्थ बढुवा गर्ने।

१४. वन तथा वातावरण मन्त्रालयः शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज एवं मध्यवर्ती क्षेत्रको सिमाना हेरफेर र छाँयानाथ राष्ट्रिय निकुञ्ज एवं मध्यवर्ती क्षेत्र घोषणा गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

१५. वन तथा वातावरण मन्त्रालयः २०८२ साउन ७ देखि १५ गतेसम्म जिम्बावेमा आयोजना हुने 15th Meeting to the Conference of the Contracting Parties to the Convention on Wetlands (COP 15) कार्यक्रममा सहभागी हुन वन तथा वातावरण राज्यमन्त्री माननीय रुपा वि.क. लाई स्वीकृति प्रदान गर्ने।

१६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः COSCAP South Asia Project को छैठौं चरणको कार्यक्रममा नेपालको सहभागितासम्बन्धी COSCAP-SOUTH ASIA-PHASE VI (2024-2028) Programme Document स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१८. महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरेले आफ्नो पदबाट दिनुभएको राजीनामा स्वीकृत गर्ने। उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिँदै उहाँको सेवानिवृत्त जीवन सुखमय रहोस् भन्ने कामना गर्ने।

**म.प.बै.सं. १८।०८२**

**संवत् २०८२ साल साउन ७ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८२ साउन १८ गते मलेसियामा आयोजना हुने नेपाल आदिवासी जनजाति महासंघ-मलेसियाको चौथो अधिवेशनमा प्रमुख अतिथिको रूपमा सहभागी हुन कोशी प्रदेशका प्रदेश प्रमुख माननीय श्री परशुराम खापुङ्गलाई स्वीकृति प्रदान गर्ने। कोशी प्रदेश प्रमुखको अनुपस्थितिमा वहाँले सम्पादन गर्दै आउनुभएको जिम्मेवारी मधेश प्रदेशका प्रदेश प्रमुखलाई दिन सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः जापानको टोकियोमा २०८२ भदौ ९ देखि १३ गतेसम्म आयोजना हुने Asia Pacific Group on Money Laundering (APG) तथा मकाउमा २०८२ भदौ १८ देखि १९ गतेसम्म आयोजना हुने FATF/ICRG/AP Joint Group, Face to Face Meeting मा सहभागी हुन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री फणीन्द्र गौतम नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८२ साउन १३ देखि १५ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने CARE for South Asia Project Completion and Dessemination Workshop मा सहभागी हुन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री गोविन्द बहादुर कार्कीलाई स्वीकृति प्रदान गर्ने।

४. अर्थ मन्त्रालयः सासेक विद्युत ट्रान्समिसन तथा वितरण आयोजना कार्यान्वयनका लागि ओपेक फन्ड फर इन्टरनेशनल डेभलपमेन्ट (ओफिड) बाट प्राप्त हुने १०० मिलियन अमेरिकी डलर ऋण स्वीकार गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः २०८२ साउन १२ र १३ गते ओसाका, जापानमा नेपाल दिवसको रूपमा आयोजना हुने World Expo 2025 मा सहभागी हुन वाणिज्य तथा आपूर्ति सचिव डा.राम प्रसाद घिमिरेलाई स्वीकृति प्रदान गर्ने।

६. गृह मन्त्रालयः नेपाली नागरिक श्री लोकमान्य गोल्छा, काठमाडौं (हाल नेपालका लागि पोल्याण्डका अवैतनिक महावाणिज्यदूत) लाई पोल्याण्ड सरकारबाट प्रदान गरिने Officer's Cross of the Order of merit पदक ग्रहण गर्न स्वीकृति दिने।

७. गृह मन्त्रालयः रुकुम (पूर्वी भाग) जिल्लाको सदरमुकाम स्थायी रूपमा सिस्ने गाउँपालिकाको वडा नं. ५ र ६ मा पर्ने रुकुमकोट तोक्ने।
८. गृह मन्त्रालयः नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मितिले तीन महिना अवधिको लागि मधेश प्रदेशभर विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने।
९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः नेपाल सरकारको नाममा दर्ता रहेको रुपन्देही जिल्ला साविक सिलौटिया गा.वि.स. वडा नं. ६ कित्ता नं. ३४८ क्षेत्रफल २-६-१५ बिघा सरकारी प्रकृतिको जग्गामध्ये क्षेत्रफल ०-९-० बिघा जग्गा प्रशासकीय भवन निर्माणका लागि मर्चवारी गाउँपालिका, रुपन्देहीलाई उपयोग गर्न स्वीकृति दिने।
१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः मालपोत (आठौं संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।
११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः नेपाल सरकारको नाममा दर्ता रहेको महोत्तरी जिल्ला साविक औरही गा.वि.स. वडा नं. ५ कि.नं. १७८ क्षेत्रफल २-९-० बिघा जग्गामध्ये क्षेत्रफल ०-१५-१० बिघा जग्गा प्रशासकीय भवन निर्माणको लागि औरही नगरपालिका, महोत्तरीलाई उपयोग गर्न स्वीकृति दिने।
१२. युवा तथा खेलकुद मन्त्रालयः नेपाल स्काउटसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने।
१३. रक्षा मन्त्रालयः थाइल्याण्डमा २०८२ भदौ १० देखि १२ गतेसम्म सञ्चालन हुने 2025 Annual Indo-Pacific Chiefs of Defense (CHOD) Conference मा सहभागी हुन नेपाली सेनाका प्रधान सेनापति महारथी श्री अशोक राज सिग्देललाई स्वीकृति दिने। प्रधान सेनापतिको अनुपस्थितिमा निजले सम्पादन गर्ने सरकारी कार्यहरू सम्पादन गर्न बलाधिकृत रथी श्री निर्मल कुमार थापालाई कायम मुकायम प्रधान सेनापति मुकरर गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।
१४. वन तथा वातावरण मन्त्रालयः बलेफी कोरिडोर १३२ के.भि. प्रसारण लाइन आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।
१५. वन तथा वातावरण मन्त्रालयः दाना खोला जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।
१६. नेपाल कानून आयोगका सचिव श्री आलोकचन्द्र श्रेष्ठले उमेर हदको कारण अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

**म.प.बै.सं. १९।०८२**

## संवत् २०८२ साल साउन १२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. अर्थ मन्त्रालयः Programme for Emergency Rehabilitation of Sindhuli Road Affected by Floods शीर्षकमा जापान सरकारबाट प्राप्त हुने करिब २ अर्ब ६० करोड नेपाली रुपियाँ बराबरको अनुदान सहायता प्राप्त गर्ने।
२. अर्थ मन्त्रालयः रानी जमरा कुलरिया सिँचाइ आयोजना-तेस्रो चरणको लागि विश्व बैंक समूहको अन्तराष्ट्रिय विकास संस्थाबाट प्राप्त हुने करिब १८ अर्ब ९२ करोड नेपाली रूपियाँ बराबरको सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्ने।
३. अर्थ मन्त्रालयः विद्युत वितरण प्रणाली स्तरोन्नति तथा सुदृढीकरण आयोजना (ESRIP) को लागि विश्व बैंक समूहको अन्तराष्ट्रिय विकास संस्थाबाट प्राप्त हुने ८६.७ मिलियन अमेरिकी डलर बराबरको Shorter Maturity Loan तथा ३३.३ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण गरी जम्मा १२० मिलियन अमेरिकी डलर बराबरको ऋण सहायता प्राप्त गर्ने।

४. अर्थ मन्त्रालयः Power Distribution Strengthening Program को लागि जर्मन सरकारबाट उपलब्ध हुने करिब २ अर्ब ८५ करोड रुपियाँ बराबरको अनुदान सहायता प्राप्त गर्ने।

५. अर्थ मन्त्रालयः राज्यकोषबाट लगानी भएका प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक संस्थानलगायत निकायका पदाधिकारी र कर्मचारीको पारिश्रमिक तथा सेवा सुविधामा एकरूपता कायम गर्नेसम्बन्धी सुझाव पेश गर्न श्री रामु प्रसाद डोटेल, पर्वतको संयोजकत्वमा ३ सदस्यीय सुझाब कार्यदल गठन गर्ने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः २०८० जेठ १८ मा हस्ताक्षर भएको नेपाल-भारत पारवहन सन्धि, २०२३ को प्रोटोकलमा संशोधन गर्ने सम्वन्धी Letter of Exchange स्वीकृत गर्ने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः २०८२ भदौ २३ देखि २५ गतेसम्म फ्रान्सको पेरिसमा आयोजना हुने International Forum on Pumped Storage Hydropower कार्यक्रममा सहभागी हुन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री माननीय दिपक खड्कालाई स्वीकृति दिने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

९. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः २०८२ भदौ २ गतेदेखि १३ गतेसम्म संयुक्त राष्ट्रसंघको मुख्यालय, न्यूयोर्कमा आयोजना हुने BBNJ Preparatory Commission को दोस्रो सत्रको बैठकमा भ्रमण अवधि ७ दिन कायम हुने गरी सहभागी हुन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री पाराश्वर ढुङ्गानालाई स्वीकृति प्रदान गर्ने।

१०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः सर्वोच्च अदालतमा कार्यरत नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित प्रथम श्रेणीका सहरजिस्ट्रार श्री मानबहादुर कार्कीलाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा नियुक्ति गरी सर्वोच्च अदालतको रजिस्ट्रार पदमा पदस्थापन गर्ने।

११. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवाको विशिष्ट श्रेणीका सर्वोच्च अदालतका रजिस्ट्रार श्री विमल पौडेललाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सर्वोच्च अदालतको मुख्य रजिस्ट्रार पदमा बढुवा नियुक्ति गरी पदस्थापन गर्ने।

१२. गृह मन्त्रालयः २०८२ साउन १३ देखि १५ गतेसम्म बैंकक, थाइल्याण्डमा आयोजना हुने CARE for South Asia Project Completion and Dissemination Workshop सम्बन्धी कार्यक्रममा सचिव श्री गोकर्णमणी दुवाडीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१३. परराष्ट्र मन्त्रालयः नेपाल, भारत र बंगलादेशबिच मालवाहक सवारी साधनको यात्रा परीक्षण सञ्चालन र यातायात तथा भन्सार कार्यगत समूहहरू गठन गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

१४. परराष्ट्र मन्त्रालयः तुर्कमेनिस्तानमा आयोजना हुने Third United Nations Conference on Landlocked Developing Countries (LLDC3) विषयक कार्यक्रममा २०८२ साउन १८ देखि २३ गतेसम्म सहभागी हुन सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीको नेतृत्वको नेपाली प्रतिनिधिमण्डल गठन गर्ने र भ्रमण स्वीकृत गर्ने।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः नेपाल इन्जिनियरिङ परिषद्को रजिस्ट्रारमा श्री ध्रुबराज भट्टराई, तनहुँलाई नियुक्त गर्ने।

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः सङ्घीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

१७. युवा तथा खेलकुद मन्त्रालयः राष्ट्रिय युवासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने।

१८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी हिम्मत बहादुर बिष्टलाई सोही सेवाको उपरथी दर्जामा बढुवा गर्ने।

१९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूह, सिभिल तथा आर्किटेक्चर उपसमूहका प्रमुख सेनानी रमेश कुमार पैकरालाई सोही सेवा, समूह तथा उपसमूहको महासेनानी दर्जामा बढुवा गर्ने।

२०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका छ जना महासेनानीहरूको सरुवा गर्ने।

२१. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका पाँच जना प्रमुख सेनानीहरूलाई महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः कर्णाली र सुदूरपश्चिम प्रदेशमा आरोहणका लागि खुला गरिएका हिमालहरूको आरोहणमा लाग्ने सलामी दस्तुर छुट दिने।

२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव वा सो सरहका चार जना कर्मचारीहरूको सरुवा गर्ने।

२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः डा. उज्जवल चालिसे, कास्कीलाई भक्तपुर क्यान्सर अस्पतालको कार्यकारी निर्देशक पदमा नियुक्त गर्ने।

२५. सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार श्री देवेन्द्र राज ढकालले उमेर हदको कारणबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको व्यहोरा जानकारी गराउने र उहाँले निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

२६. राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाललाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको सचिव पदमा पदस्थापन गर्ने।

२७. निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री खेमराज ज्ञवालीलाई बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालयमा सरुवा गर्ने।

**म.प.बै.सं. २०।०८२**

## संवत् २०८२ साल साउन १८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः अरुण-३ जलविद्युत परियोजना विकासको लागि विकासकर्ता कम्पनी (एसजेवीएन अरुण-३ पावर डेभलपमेण्ट कम्पनी प्राईभेट लिमिटेड) र नेपाल सरकार (लगानी बोर्ड) बिच मिति २०७१ मङ्सिर ९ मा भएको परियोजना विकास सम्झौता बमोजिम डा. पवन कुमार श्रेष्ठ, डा. पवन कुमार भट्टराई र डा. गणेश प्रसाद न्यौपाने विषयविज्ञ रहेको Project Review Panel गठन गर्ने तथा PRP Agreement स्वीकृत गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सार्वजनिक खरिद ऐन, २०६३ अन्तर्गत बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने र सेवाप्रदायक मार्फत सार्वजनिक पूर्वाधारको सञ्चालन, व्यवस्थापन र मर्मत सेवा खरिद गर्ने सम्बन्धी निर्देशिका, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

३. अर्थ मन्त्रालयः

(क) नेपालमा शाखा दर्ता गरेर वा स्थायी संस्थापनको रूपमा दर्ता रहेका एमसिसि कम्प्याक्टअनुसार एमसिए-नेपालको काम गर्ने निर्माण वा सेवा प्रदायक कम्पनीको MCC Funding (नेपालको योगदानसमेत) बाट आर्जित आयमा आय वर्ष २०८२/८३ को लागि आयकर छुट दिने।

(ख) नेपाल सरकार र अमेरिकी सहायता संस्था मिलेनियम च्यालेन्ज कर्पोरेशनबिच हस्ताक्षर भएको सहायता सम्झौताबमोजिम एमसिसिले हस्ताक्षर गर्न प्रस्ताव गरेको Implementation Letter: Mechanisms to Implement Tax Exemption of MCC Funding विषयक कार्यान्वयन-पत्र स्वीकृत गर्ने।

४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्यको सेवाको शर्त र अन्य सुविधा तोक्ने।

५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिवहरू श्री निर्मला अधिकारी भट्टराई र श्री इन्दिरा दहाल भट्टराईलाई सोही सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा नियुक्त गर्ने।

६. खानेपानी मन्त्रालयः मलेसियामा आयोजना हुने Mentee Visit to SPAN, Malaysia for Regulatory Reform in Nepal विषयक अनुभव आदान-प्रदान कार्यक्रममा २०८२ भदौ १० देखि १२ गतेसम्म खानेपानी मन्त्रालयका सचिव श्री प्रमिला देवी शाक्य बज्राचार्यलाई सहभागी हुन स्वीकृति दिने।

७. गृह मन्त्रालयः २०८२ असोज ६ देखि १७ गतेसम्म डेनमार्कको कोपनहेगनमा आयोजना हुने United Nations Senior National Planners Course for National Planners from Troop and Police Contributing Countries (T/PCCS) विषयक कार्यक्रममा सहभागी हुन प्रहरी अतिरिक्त महानिरीक्षक श्री राजन अधिकारी र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक श्री बंशी राज दाहाललाई स्वीकृति प्रदान गर्ने।

८. गृह मन्त्रालयः सार्वजनिक हितको लागि आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।

९. परराष्ट्र मन्त्रालयः नेपालमा United Nations Office for Project Services -UNOPS को कार्यालय स्थापना तथा सञ्चालन गर्नेसम्बन्धी आदानप्रदान पत्र (Letters of Exchange) स्वीकृत गर्ने।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः नेपाल सरकारको नाममा दर्ता रहेको काठमाडौं जिल्ला साविक थानकोट महादेवस्थान गा.वि.स. वडा नं. ८ख कित्ता नं. १ को क्षेत्रफल २२-११-०-० जग्गामध्ये ३-०-०-० रोपनी जग्गा चन्द्रागिरि नगरपालिका ७ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माण गर्ने प्रयोजनका लागि तथा ऐ.ऐ. वडा नं. २ख कित्ता नं. २९ को क्षेत्रफल ४-०-०-० जग्गामध्ये ३-०-०-० रोपनी जग्गा चन्द्रागिरि नगरपालिका ५ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागि चन्द्रागिरि नगरपालिका, काठमाडौंलाई उपयोग गर्न स्वीकृति दिने।

११. युवा तथा खेलकुद मन्त्रालयः युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्षमा श्री अनिल राज पौडेल, चितवनलाई नियुक्त गर्ने।

१२. वन तथा वातावरण मन्त्रालयः मेवा खोला जलविद्युत आयोजनाको १३२ के.भि. प्रसारण लाइन आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

१३. वन तथा वातावरण मन्त्रालयः इलेप (तातोपानी) खोला जलविद्युत आयोजना निर्माणको लागि राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्न स्वीकृति दिने।

१४. वन तथा वातावरण मन्त्रालयः २०८२ साउन २६ देखि २७ गतेसम्म दक्षिण कोरियामा आयोजना हुने Ewha International Workshop on Climate-Induced Landslides and Sustainable Recovery कार्यक्रममा नेपालको तर्फबाट Keynote Speaker को रूपमा सहभागी हुन वन तथा वातावरण राज्यमन्त्री रुपा वि.क. लाई स्वीकृति प्रदान गर्ने।

१५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् (पाँचौ संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

१६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः नेपाल सरकार र इजरायल सरकारबिच श्रम सम्झौता गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः मनाङ जिल्लाको अन्नपूर्ण संरक्षण क्षेत्रभित्र अवस्थित दामोदर हिमश्रृङ्खलाअन्तर्गत ६,०३८ मिटर (१९,८०९ फुट) उचाइमा रहेको चुलु सुदुर पूर्व चुली हिमाल आरोहणका लागि खुला गर्ने।

१८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः संयुक्त अरब इमिरेट्समा आयोजना हुने २८ औं UPU Congress कार्यक्रममा २०८२ भदौ २३ देखि २९ गतेसम्म Head of the Delegation को जिम्मेवारीसहित सहभागी हुन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्याललाई स्वीकृति प्रदान गर्ने।

१९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ स्वीकृत गर्ने।

२०. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२ स्वीकृत गर्ने।

**म.प.बै.सं. २१।०८२**

## संवत् २०८२ साल साउन २६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः स्वीट्जरल्याण्डमा आयोजना हुने A Study Tour on Inter-Governmental Cooperation and Competition in the Swiss Federal System विषयक कार्यक्रममा २०८२ भदौ १५ देखि २१ गतेसम्म सहभागी हुन मधेश प्रदेशका माननीय मुख्यमन्त्री श्री सतिश कुमार सिंहलाई स्वीकृति प्रदान गर्ने।

२. अर्थ मन्त्रालयः २०८२ असोज ६ देखि १० गतेसम्म मनिला, फिलिपिन्समा आयोजना हुने ASOSAI Brokering Upscaled SAI Support (BUSS) Workshop मा उपमहालेखापरीक्षक श्री बिन्दु बिष्टलाई सहभागिता जनाउन स्वीकृति दिने।

३. अर्थ मन्त्रालयः तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७) स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

४. अर्थ मन्त्रालयः दक्षिण कोरिया सरकारबाट गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान, नेपालअन्तर्गत गण्डकी प्राविधिक शिक्षालयको पूर्वाधार विकास परियोजनाका लागि प्राप्त हुने ९० लाख अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने।

५. अर्थ मन्त्रालयः नेपाल बीमा प्राधिकरणका अध्यक्ष श्री शरद ओझालाई तीन दिनको समय दिई अर्थ मन्त्रालयमार्फत स्पष्टीकरण सोध्ने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः आर्थिक वर्ष २०८२/८३ को लागि मोटा धानको प्रति क्विन्टल रु. ३४६३।८१ र मध्यम धानको प्रति क्विन्टल रु. ३६२८।३३ न्यूनतम समर्थन मूल्य तोक्ने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री माननीय दिपक खड्कालाई गणतन्त्र कोरियाको सिओलमा आयोजना हुने Global Infrastructure Cooperation Conference 2025 कार्यक्रममा २०८२ भदौ ३१ देखि असोज २ गतेसम्म सहभागी हुन स्वीकृति प्रदान गर्ने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः सामुद्रिक कानूनसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गतको राष्ट्रिय क्षेत्राधिकार भन्दा बाहिरका सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगसम्बन्धी सम्झौता अनुमोदनका लागि संघीय संसदमा पेस गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

९. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः Treaty on Mutual Legal Assistance in Criminal Matters (MLAT) स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः राष्ट्रिय सहकारी नियमन प्राधिकरणको विज्ञ सदस्यमा डा. रमेश प्रसाद चौलागाई, मकवानपुरलाई नियुक्त गर्ने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः नेपाल सरकारको नाममा दर्ता कायम रहेको बाजुरा जिल्ला साविक बाँधु गा.वि.स. वडा नं. ४ कित्ता नं. ४७६ को क्षेत्रफल ७१२६२० व.मि. जग्गामध्येबाट क्षेत्रफल ७४८५ व.मि. सरकारी जग्गा प्रशासकीय भवन निर्माणका लागि हिमाली गाउँपालिका, धुलाचौर, बाजुरालाई उपयोग गर्न दिने।

१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम रहेको तेह्रथुम जिल्ला साविक म्याङलुङ गा.वि.स. वडा नं. ९ कित्ता नं. ३२५ को क्षेत्रफल ०-१४-०-२ जग्गा कार्यालय भवन निर्माणका लागि राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुमलाई प्रयोग गर्न स्वीकृति दिने।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः बाजुरा जिल्ला साविक बाँधु गा.वि.स. वडा नं. ४ कित्ता नं. ४६६ को क्षेत्रफल ७७८०९० व.मि. को सार्वजनिक प्रकृतिको जग्गामध्ये क्षेत्रफल २३०५५ व.मि. जग्गा धुलाचौर स्वास्थ्य सेवा केन्द्र भवन निर्माणका लागि हिमाली गाउँपालिका, बाजुरालाई प्रयोग गर्न दिने।

१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः २०८२ भाद्र २४ देखि २६ गतेसम्म फिलिपिन्सको मनिलामा आयोजना हुने Ministerial Roundtable Session during the Asia-Pacific Regional Road Safety Conference विषयक कार्यक्रममा सहभागी हुन भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाललाई स्वीकृति प्रदान गर्ने।

१५. युवा तथा खेलकुद मन्त्रालयः भारतमा भएको Matrix Fight Night-17 विश्व च्याम्पियनसिपमा बान्टामवेट टाईटल जित्न सफल नेपाली खेलाडी फाइटर रविन्द्र ढाँटलाई सम्मान र प्रोत्साहन स्वरूप रू. ५ लाख एवं प्रशिक्षक डिबिज पिया (लामा) लाई रू. २ लाख प्रदान गर्ने।

१६. रक्षा मन्त्रालयः २०८२ भदौ १२ र १३ गते भारतमा आयोजना हुने MILMEDICON on Physical and Mental Trauma in Military Setting मा सहभागी हुन प्राविधिक उपरथी डा. अरुण शर्मालाई स्वीकृति दिने।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राड सेवातर्फका सहायक रथी इभिता राणाको पदावधि थप गर्ने।

१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः ब्राजिलको फोर्टालेजामा २०८२ असोज २ देखि ३ गतेसम्म आयोजना हुने Second Global Summit of the School Meals Coalition मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (शिक्षा) लाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटी; व्यावसायिक प्रशिक्षण केन्द्र, बुटवल र व्यावसायिक प्रशिक्षण केन्द्र, ईटहरीको लागि आ.व २०८२/८३ मा आवश्यक पर्ने अधिकृतस्तरका ७२५ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२०. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः नेपाल सरकार र साउदी अरेविया सरकारबिच श्रम सम्झौता गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

२१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः २०८२ असोज १३ देखि १७ गतेसम्म श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करलाई मलेसियाको क्वालालम्पुरमा आयोजना हुने World Social Security Forum मा सहभागी हुन स्वीकृती प्रदान गर्ने।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः

(क) २०८२ असोज ७ देखि १७ गतेसम्म क्यानडाको मन्ट्रियलमा आयोजना हुने International Civil Aviation Organization (ICAO) को Forty-Second Session of the Assembly मा भ्रमण अवधि सात दिन हुने गरी सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय बद्री प्रसाद पाण्डे र क्यानडा स्थित नेपाली राजदूत श्री भरतराज पौड्याललाई स्वीकृति प्रदान गर्ने।

(ख) ICAO महासभाको Plenary Session र अन्य Committee/Commission हरूको बैठकमा नेपाली प्रतिनिधिमण्डलका सदस्यहरूले काउन्सिलका सदस्यको लागि उम्मेदवारी दिने राष्ट्रहरूको पक्षमा मतदान गर्ने तथा समर्थन जनाउने विषयमा Standing Rules of Procedure of the Assembly of the ICAO को Rules 6(a) मा व्यवस्था भएबमोजिम अख्तियारीसहित नेपाली प्रतिनिधिमण्डललाई Letter of Credentials प्रदान गर्ने।

२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका ७२ जना सहसचिव वा सोसरहका कर्मचारीहरूको सरुवा गर्ने।

२४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः राष्ट्रिय समाचार समितिको महाप्रबन्धक पदमा श्री सन्दीप राई, पाँचथरलाई नियुक्त गर्ने।

२५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सेवाप्रदायकमार्फत सार्वजनिक पूर्वाधारको सञ्चालन, व्यवस्थापन र मर्मत सेवा खरिद गर्ने सम्बन्धी निर्देशिका, २०८२ स्वीकृत गर्ने।

२६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः निर्यातमा प्रोत्साहन रकम उपलब्ध गराउने कार्यविधि, २०८१ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रालयमा फिर्ता गर्ने।

२७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः नागढुङ्गा सुरुङमार्ग उपभोग दस्तुर तोक्ने।

२८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स (AI) नीति, २०८२ स्वीकृत गर्ने।

२९. महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षक श्री नारायण एम.सी.ले उमेर हदको कारणबाट अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।